नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

वैशाख/जेष्ठ २०८० (May 2023) वर्ष २६/अङ्क २९१

## मिशनमा हाम्रो सहभागिता र हाम्रो जिम्मेवारी

- एल्डर सीता गुरूङ्ग

जब मे महिनाको सूचनापत्रका लागि केही लेखिदिन अनुरोध आयो मैले एकछिन विचारेँ र हुन्छ भनेँ । यसै बीच आफ्नो कागज पत्रहरू मिलाउने क्रममा २०११ (२०६८) को मे महिनाको सूचनापत्र हात लाग्यो जहाँ स्वर्गीय गुरुबा रोबर्ट कार्थकले "कसैले बन्द गर्न नसक्ने खुला ढोका" शिर्षकमा लेख्नुभएको रहेछ । त्यही लेखबाट अभिप्रेरित भएर येशू खीष्टको राज्य विस्तारको काममा हाम्रो सहभागिताबारे लेख्ने विचार गरेँ ।

मिशनको काम मण्डलीको मुख्य काम हो । कसैले यसरी पनि भनेका छन्, "मिशन मण्डलीको मुटु हो ।" मण्डलीमा र मण्डलीद्वारा सुसमाचारको काम भएन भने मण्डलीको अस्तित्वमा नै प्रश्न चिन्ह खडा हुँदछ तर के हामी मण्डलीलाई यस्तो स्थितिमा पुगेको चाहन्छौं र ? निश्चय पनि चाहँदैनौं । यदि चाहँदैनौं भने जसरी हाम्रा स्वर्गीय गुरुबाहरूले येशू प्रभुले शुरू गर्नुभएको मिशनको महान कार्यलाई निरन्तरता दिनुभयो त्यसरी नै हामीले पनि यस कार्यलाई जारी राख्नुपर्छ । जहाँ जहाँ हामीलाई जानलाई या रहनलाई प्रभुले खटाउनुभएको छ त्यहाँ त्यहाँ येशूको राज्यको विस्तारको काममा लागिपर्नु परेको छ ।

मिशनको काम भनेर जसै हामी सुन्छौं, हामी बाहिर टाढा कतै जाने या त मिशनेरी भएर जाने भन्ने बुझ्छौं जुन बुझाई सत प्रतिशत सही हो तर यो बुझाई सीमित बुझाई मात्र हो । मिशनको कामलाई वृहत रूपमा हेरिनुपर्छ । मिशनको काम जाने काम मात्र होइन । यो काम हाम्रो दैनिक जीवनमा जिउने कुरा हो अर्थात् मिशनको काम हाम्रो जीवनशैली नै हुनुपर्छ भन्ने लाग्छ मलाई । यदि दैनिक जीवन जिउने कुरा हो भनेर हामीले बुझेनौं भने मण्डलीका सीमित विश्वासीहरू मात्र जाने काममा सरीक हुन सक्छन् त्यसैले जान नसक्नेहरूले के मिशनको काम नगर्ने ? के हामीलाई मिशनको कामबाट छुट छ र ? निश्चय पनि छैन कारण जुन प्रेममा हामी बाँधिएका छौं त्यही प्रेमले हामीलाई करमा पार्दछ । खीष्टले गर्नुभएको उद्धारको कामलाई हामी महान भनी काम भन्छौं भने आराधनामा येशू राजा हुनुहुन्छ भनी भन्छौं भने राज्य विस्तारको काममा हामी सरीक हुनु नै पर्छ । मिशनको कामलाई यहूदिया सामरिया या पृथ्वीको अन्तिम छेउसम्मलाई मात्र नबुझेर आफ्नो यरुशलेमलाई बिर्सनु हुँदैन । यरुशलेम भन्नाले आफ्नो छरछिमेक, आफ्नो टोल, काम गर्ने स्थान नै हुन् जहाँ हामी दिनहुँ साक्षी बन्न सक्छौं । साक्षी बन्ने कुरालाई फराकिलो तरिकाले बुझ्नुपर्छ । साक्षी बोलेर मात्र दिईंदैन, हाम्रो व्यवहारद्वारा, हाम्रो भलोपन, धार्मिकता र सत्यताको जीवनद्वारा पनि दिइन्छ (एफिसी ५:९) । हामी बोल्छौं मात्र तर गर्नुपर्ने जिम्मेवारीहरूमा चुक्छौं भने साक्षीको प्रभावकारिता फितलो हुँदछ । सुसमाचार बोल्नुपर्ने ठाउँमा बोल्नुपर्छ र सुसमाचार प्रचार गर्नु र हुनुपर्ने ठाउँमा पनि हामी चुक्नु हुँदैन । सुसमाचार सुनाउने वरदान पाएकोले बोलेर गर्नुहुन्छ भने अन्य दुई तरिकाबाट अर्थात् गर्ने र हुने कुरामा कुनै पनि विश्वासीलाई छुट छैन । यसैले मैले शुरूमा नै सुसमाचार हामीहरूको जीवनशैली हुनुपर्छ भनेकी हुँ ।

सुसमाचार जीवनशैली हुनुपर्छ भनी यस अर्थमा पनि भनेँ कि मण्डली हामी खीष्ट विश्वासीहरूको एक जमात हो जुन जमात शनिबारको दिन आराधना सेवामा एकै ठाउँमा भेला हुन्छौं तर त्यही मण्डली आइतबारदेखि शुक्रबारसम्म या त शहरका विभिन्न ठाउँहरूमा छरिएर रहेका हुन्छौं, बसोबास गर्छौं र विभिन्न पेशा र कामहरूमा हुन्छौं । एकचोटि यसो विचार गरौं त ? ती ठाउँहरू जहाँ हामी हप्ताभरि हाम्रा छरछिमेकी, सहकर्मीहरू, हाकिमहरूसँग हुन्छौं । के ती ठाउँहरूमा साक्षी हुनु पर्दैन र ? यदि साक्षी हुनुपर्छ भने, के ती ठाउँहरू हाम्रो मिशनका क्षेत्र होइनन् र ? यसैले हामीले यहूदिया र पृथ्वीका अन्तसम्मको दर्शन देखिराख्दा आफ्नो यरुशलेमलाई पनि बिर्सनु हुँदैन । यरुशलेम, यहूदिया, पृथ्वीको अन्तसम्मका परमेश्वरका सृष्टिको उद्धारको लागि दर्शन, बोझ र प्रार्थनासाथ हामी सबै मण्डली सरीक हुनुपर्दछ । मैले माथि उद्धृत गरेको पाष्टर गुरुबाद्वारा लिखित लेखमा उहाँ भन्नुहुन्छ,"जबसम्म पापी मानिसहरूको लागि मुक्तिको ढोला खुला रहन्छ तबसम्म हामी प्रभुको सेवक/सेविकाहरूको लागि सेवाको ढोका खुला रहन्छ ।त्यसैले ढोका खुला छ, ढिलो नगरौं । त्यसै लेखमा उहाँ फेरि भन्नुहुन्छ, "हामीले बेवास्ता गऱ्यौं भने नाश हुन लागेकाहरूलाई ढोका देखाएनौं भने लाखौं मानिसहरूको आत्मा मर्नेछन् अनि परमेश्वरले हामीलाई तिनीहरूको मृत्युको जवाफदेही तुल्याउनुहुनेछ ।" गुरुबा हामीसँग हुनुहुन्न तर उहाँले आफ्नो लेखमार्फत् हामीलाई मिशनको काममा लाग्नको लागि

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वैशाख ३०** May 13 | श्री विष्णु देउला | श्री कान्छा श्रेष्ठ | पाष्टर अशोक मुखिया | डीकन राम ब. तामाङ्ग | एल्डर मान ब. मगर | डा. ध्रुव घिमिरे | पाष्टर रूबेन श्रेष्ठ | श्री श्रीराम सुर्खेती | श्री विश्वास थापा | पाष्टर रोल्याण्ड रोंगोंग | डीकन उमेश मगर |
| **जेष्ठ ६** May 20 | पाष्टर सिमोन पाठक | श्रीमती माया तामाङ्ग | एल्डर दान ब. अधिकारी | श्रीमती माया लामा | श्री सुचन तामाङ्ग | पाष्टर घन श्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | श्रीमती दिना शाह | डीकन अनिल चौधरी | डा. सुदान रूचाल | श्री लेखनाथ पौडेल |
| **जेष्ठ १३** May 27 | एल्डर रत्नमान महर्जन | एल्डर दिनेश न्यौपाने | डीकन सुबोध अधिकारी | एल्डर बाग मान तामाङ्ग | एल्डर पूर्ण सुनुवार | श्री स्टिफन राई | पाष्टर रूबेन श्रेष्ठ | सुश्री रिस्पा श्रेष्ठ | श्री जीवन खालिङ | डीकन कृष्ण नगरकोटी | पाष्टर प्रेम श्रेष्ठ |
| **जेष्ठ २०** June 3 | पाष्टर अशोक मुखिया | श्री सरुष तामाङ्ग | डीकन यूसुफ श्रेष्ठ | डीकन बाल कृष्ण सिपाई | श्रीमती निशा तामाङ्ग | पाष्टर बि.बि.खवास | श्रीमती गंगा श्रेष्ठ | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर जनक लाल श्रेष्ठ | एल्डर लाक्पा लामा |

आह्वान गर्दै हुनुहुन्छ, सुसमाचारको काममा हाम्रो जिम्मेवारीप्रति सचेत गराउँदै हुनुहुन्छ । जिम्मेवारी बोध गर्दै मिशनको काममा सहभागिता जनाउनमा विकल्प हामीहरूलाई छैन । हामी खीष्टलाई प्रेम गर्छौं र हाम्रा गुरुबाहरूको सेवकाइद्वारा कुनै न कुनै किसिमले आफूमा प्रभाव पारेको छ, प्रेरणा पाएको छु भनी भन्छौं भने मिशनको काममा हामी दिएर, जिएर, र गरेर सहभागी होऔं र हाम्रो जिम्मेवारी पूरा गरौं ।

आफू जन्मे, हुर्केको थलो छोडी सुसमाचारको निम्ति गुरुबाहरू आउनुभई नेपाली इसाई मण्डलीको (नेइम) स्थापना भयो त्यही बिरासतलाई पछ्याई सबैको मुक्तिको निमित्त लागिपर्ने मण्डली नेइम भइरहन सकौं ।

सन २०१८ को मे १६ तारिख पाष्टर राजेन्द्र कुमार रोंगोंग, २०२१ को १८ तारिख पाष्टर रोबर्ट कार्थक र सोही वर्षको मे २१ तारिख पाष्टर भाइ सामुएल कार्थक, हाम्रा श्रद्धेय अग्रज गुरुबाहरूले भौतिक रूपमा हामीहरूबाट विदा भई विश्रामको देशमा प्रवेश गर्नुभयो । जसको हृदयमा मिशनको कामको लागि ठूलो ठाउँ थियो र आज पनि विभिन्न माध्यमहरूद्वारा उहाँहरू मिशनको कार्यको निमित्त हाम्रा प्रेरणाको स्रोत भइरहनुभएको छ । त्यसैले उहाँहरूले देखाउनुभएको बाटो पछ्याउँदै यो महिनालाई मिशन महिना भनी मनाउने प्रचलन ल्याएमा मण्डलीलाई सुसमाचार प्रचारको काममा उत्साह मिल्ने थियो र सबैलाई विभिन्न तरिकाले सहभागी हुने अवसर हुने थियो साथै नेइमको इतिहासलाई जीवित राख्ने काममा सघाउ पुग्ने थियो भन्ने लाग्छ मलाई । संयोग नै भनौं यही महिनामा मिशन कन्फरेन्स (मे २३-२५) पनि राखिएको छ । मिशन विभागको एउटा सदस्यको नाताले यहाँहरू जसलाई कन्फरेन्समा सहभागिताको लागि आमन्त्रण गरिनेछ कृपया सहभागी भइदिनुहुन अनुरोध पनि गर्न चाहन्छु ।

## जानकारी



घट्टेकुलो बस्नुहुने नेइम जोरपाटी चर्चको सदस्य श्रीमती टिका माया श्रेष्ठ ८३ वर्षको उमेरमा चैत्र २९ गते/अप्रिल १२ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।



बुढानिलकण्ठ, सापटार बस्नुहुने नेइम जोरपाटी सापटार चर्चको सदस्य श्रीमती मन नगरकोटी ७८ वर्षको उमेरमा वैशाख १३ गते/अप्रिल २६ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

चैत्र ११ गते/मार्च २५ तारिख शनिबार नेइम गोंगबू चर्चमा दुई जना विश्वासीहरूको समपर्ण भयो ।

वैशाख २ गते/अप्रिल १५ तारिख शनिबार नेइम ललितपुर चर्चमा १ जना नानीको बाल अर्पण भयो ।

वैशाख १६ गते/अप्रिल २९ तारिख शनिबारका दिन नेइम ज्ञानेश्वर चर्चको संयुक्त सेवामा नेइम पाष्टर परिषद्मा हुनुभएका पाष्टरहरूको उपस्थिति र मण्डलीको अघि नेइम ज्ञानेश्वर चर्चको लागि एल्डर सिमोन पाठकलाई पाष्टर दफ्तन सादाद्वारा पाष्टर अभिषेक गरियो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख ३० May 13 | पाष्टर प्रेम श्रेष्ठ | डीकन मोहन श्रेष्ठ | डीकन अमृत लामा | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | एल्डर राज गुरूङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर पिटर लिम्बू | श्री चन्द्र तामाङ्ग | एल्डर बी.एन पण्डित | एल्डर राजु श्रेष्ठ |
| जेष्ठ ६ May 20 | एल्डर राज गुरूङ्ग | डीकन सलोमी दों | एल्डर प्रमोद मुल्ली | श्री प्रेम गुरूङ्ग | एल्डर सागर थापा | डीकन उमेश मगर | श्रीमती देवकी जिरेल | पाष्टर कर्ण तामाङ्ग | एल्डर पिटर लिम्बू | डीकन अनिल आले | डीकन डी.बी. राई |
| जेष्ठ १३ May 27 | एल्डर लाक्पा लामा | श्रीमती रेणु घ्लान | एल्डर गोपी राई | श्री विकास श्रेष्ठ | डीकनेस् उषा गौतम | श्री चित्र खड्का | डीकन अमृत लामा | पाष्टर बर्णबास श्रेष्ठ | डीकन शुक्रराज घिमिरे | श्री कुमार सेन्चुरी | श्री चन्द्र तामाङ्ग |
| जेष्ठ २० June 3 | एल्डर पेशल राई | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर कर्ण तामाङ्ग | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जोरविर राई |

## हार्दिक बधाई



वैशाख ४ गते/अप्रिल १७ तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री मदन भुल र जीवन दिने मण्डली, धुलिखेलको सदस्य सुश्री कविता तोलाङ्गेको जीवन दिने मण्डली, धुलिखेलमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ५ गते/अप्रिल १८ तारिख, मंगलबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री गीता श्रेष्ठ र डुनामिस जागृति चर्च, किर्तिपुरको सदस्य श्री कविन महर्जनको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनैतिक पार्टीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्महत्या, लागु पदार्थ, दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोर्‍याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. विभिन्न माध्यमहरूद्धारा प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

५. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा सुसमाचार प्रचारको काममा बोझसाथ लागिपर्न सकून् ।

६. सेवा संगति, प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन् ।

७. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै आफै पनि ख्रीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

८. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

९. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख कष्ट, खेदो सतावट सही रहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

११. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

१२. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा ख्रीष्ट प्रभुलाई चिन्न सकून् ।

१३. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २४ 7<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>२ कोरिन्थी २:१७ | ३१ 14<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माका सहायता र अगुवाइ मागिदिऔं।<br>भजनसंग्रह ७८:७१-७२ | ७ 21<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून्।<br>१ तिमोथी १-६ | १४ 28<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकून्।<br>२ कोरिन्थी ३:१४-१५ |
| **सोमबार** Monday | २५ 8<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएका प्रार्थनाको उत्तर साथै नपाएका उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं।<br>१ थेसलोनिकी ५:१६-१८ | १ जेष्ठ 15<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून्।<br>भजनसंग्रह १४५:१७-२० | ८ 22<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेला भएर जिउन सकून्।<br>कलस्सी १:२८ | १५ 29<br>मण्डलीका सबै विश्वासीहरू प्रभुमा पाको हुँदै जान सकौं र एकअर्कालाई पनि प्रभुमा हुर्काउनेहरू हुन सकून्।<br>रोमी १५:१-६ |
| **मंगलबार** Tuesday | २६ 9<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून्।<br>कलस्सी १:२८ | २ 16<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस्।<br>हिब्रू ४:१२-१३ | ९ 23<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं।<br>यहोशू १:२-९ | १६ 30<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून्।<br>प्रस्थान ३३:१३-१७ |
| **बुधबार** Wednesday | २७ 10<br>मण्डलीअन्तर्गत रहेका सबै घरेलु संगतिहरू नयाँ आत्माहरू जित्ने सुसमाचारको केन्द्र बन्न सकोस्।<br>रोमी १५:२०-२१ | ३ 17<br>हामी सबै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून्।<br>यर्मिया ३३:३ | १० 24<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून्।<br>हिब्रू १२:१-३ | १७ 31<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बिहीबार** Thursday | २८ 11<br>मण्डलीका सबै बाल बालिकाहरू प्रभुबाटको प्यार-प्रेम, सुरक्षामा हुर्कनुको साथै साथीभाइको बीचमा असल साक्षी हुन सकून्।<br>उत्पत्ति १७:७-८ | ४ 18<br>बनिन लागेका परिवार, नयाँ दम्पत्ति साथै मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून्।<br>गन्ती ६:२४-२६ | ११ 25<br>परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून्।<br>यशैया ६३:७-९, एफिसी ५:२० | १८ June 1<br>मण्डलीका सबै जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू हुन सकून्।<br>२ तिमोथी २:२२ |
| **शुक्रबार** Friday | २९ 12<br>हामी विश्वासीहरू वचन पढ्ने, सुन्ने साथै मनन गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं।<br>याकूब १:२२-२५ | ५ 19<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून्।<br>प्रेरित १६:३१ | १२ 26<br>प्रत्येक शनिबार मण्डलीमा पहिलो पल्ट आउनुहुने सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून्।<br>यशैया ५५:१-३ | १९ 2<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं।<br>उपदेशक ५:१-२ |
| **शनिबार** Saturday | ३० 13<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ४५:१-३ | ६ 20<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस्।<br>१ पत्रुस ५:६-७ | १३ 27<br>विभिन्न काम-व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारिताद्वारा परमेश्वरलाई महिमा दिन सकून्।<br>भजनसंग्रह २५:२१ | २० 3<br>मण्डलीका प्रत्येक विश्वासी- हरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस्।<br>रोमी १४:१९ |

**तँलाई बनाउने, तँलाई गर्भमा रच्ने र तँलाई गोहार गर्ने परमप्रभु यसो भन्नुहुन्छः हे मेरो दास याकूब, मैले चुनेको यशूरून, तँ नडरा । किनकि म सुकेको जमीनमा पानी र सुक्खा भूमिमा खोलाहरू खन्याइदिनेछु । म तेरो वंशमाथि मेरो आत्मा खन्याउनेछु, र तेरो सन्तानलाई आशिष् दिनेछु । तिनीहरू चौरमा उम्रेका घाँसजस्ता, बग्ने खोलाको नजीक उम्रेका लहरे-पीपलजस्ता हुनेछन् ।**

**यशैया ४४:२-४**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,